गण्डकी प्रदेश सरकार

भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय

# पूर्वाधार विकास कार्यालय, स्याङ्जा

## सवारी साधन भाडामा लिने सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**प्रकाशित मिति:-२०८३/०४/२९**

यस कार्यालयका लागि बढीमा यस आ.व. २०८३/८४ सम्मको अवधिका लागि निजी सवारी साधन भाडामा लिनुपर्ने भएकाले इच्छुक तथा योग्य फर्म वा कम्पनीहरुबाट प्रचलित कानुन बमोजिम रितपूर्वक सिलबन्दी दरभाउपत्र आह्वानका लागि यो सूचना प्रकाशित गरिएको छायस सूचना सम्बन्धी विस्तृत जानकारी यस कार्यालयको Website: idosyangja.gandaki.gov.np वा Facebook Page: 'पूर्वाधार विकास कार्यालय- स्याङ्जा' मा उपलब्ध रहेको छ।

साथै, यस सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धित कुनै असहजता/समस्या उत्पन्न भएमा कार्यालयको इमेल: idosyangja@gmail.com वा idosyangja@gandaki.gov.np मा पत्राचार गर्न अथवा कार्यालयको टेलिफोन नं. ०६३-४२४७७१ तथा मोबाइल नं. ९८५६००१४५२ मा सम्पर्क गरी आवश्यक सहजीकरण प्राप्त गर्न सकिनेछ ।

**कार्यालय प्रमुख**

**पूर्वाधार विकास कार्यालय, स्याङ्जा**

गण्डकी प्रदेश सरकार
भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय
पूर्वाधार विकास कार्यालय, स्याङ्जा

## सवारी साधन भाडामा लिने सम्बन्धी सिलबन्दी दरभाउपत्रदाताले पालना गर्नुपर्ने नियम, सर्त तथा प्रक्रियाहरू

**प्रकाशित मितिः २०८३/०४/२९**

यस कार्यालयबाट मिति २०८३/०४/२९ गते हिमालय टाइम्स राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सवारी साधन भाडामा लिने सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना बमोजिम दरभाउपत्र पेश गर्न इच्छुक तथा योग्य फर्म तथा कम्पनीले देहाय बमोजिमका नियम, सर्त तथा प्रक्रियाहरूको पूर्ण पालना गरी रितपूर्वक सिलबन्दी दरभाउपत्र पेश गर्नुपर्नेछ ।

१) दरभाउपत्र खरिदको लागि यो सूचना प्रकाशन भएको मिति देखि सातौं दिन अर्थात मिति २०८३/०५/०४ को कार्यालय समय भित्र फर्म वा कम्पनी दर्ता तथा नविकरण, भ्याट/प्यान दर्ता, आ.व. २०८१/८२ सम्मको करचुक्ता प्रमाण पत्र, नविकरण भएको सवारी धनी प्रमाण पत्र (ब्लुबुक), सवारी साधन बिमा सहित तपसिलमा उल्लेखित राजश्व खातामा रु १,०००।०० (एक हजार रुपैयाँ)- जम्मा गरेको सक्कल बैंक भौचरको आधारमा यस कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।

२) दरभाउपत्र पेश गर्दा प्रत्येक पानामा सहीछाप गरी तपसिलमा उल्लेख भए बमोजिम दरभाउपत्र जमानत बापत बैंक खातामा जम्मा भएको रु ४०,०००।००(चालिस हजार रुपैयाँ) को सक्कल बैंक भौचर वा दरभाउपत्र खोलिने दिन देखि ७५ (पचहत्तर) दिन सम्म मान्य अवधि रहेको बैंक जमानत (बैंक ग्यारेन्टी) सहित सिलबन्दी गरी यो सूचना प्रकाशन भएको आठौं दिन अर्थात मिति २०८३/०५/०५ गते दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गर्नुपर्नेछ ।रितपूर्वक दर्ता भएका सिलबन्दी दरभाउपत्र सोही दिनको १:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा खोलिनेछ ।दरभाउपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

३) कुनै फर्म वा कम्पनीको नाममा खरिद भएको दरभाउपत्र अर्को फर्म वा कम्पनीको नाममा पेश गर्न पाइने छैन ।

४) दरभाउपत्र खरिद वा दाखिला गर्ने अन्तिम मितिको दिन सार्वजनिक बिदा परेमा सम्बन्धित अन्तिम मिति कार्यालय खुलेको लगत्तैको मितिमा सर्नेछ। खरिद गर्ने अन्तिम मिति सरेको अवस्थामा दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति पनि सोअनुसार स्वतः सर्नेछ।सो अवस्थामा दरभाउपत्र खरिद वा दाखिला गर्ने अन्तिम समय बुदाँ नं. १ र २ बमोजिम नै हुनेछ ।

५) दरभाउपत्र आंशिक वा पूर्ण रुपमा कुनै कारण जनाई वा नजनाई स्वीकृत गर्ने वा नगर्ने वा सूचना नै रद्द गर्ने पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ ।

६) रित नपुगेका वा म्याद नाघी आएका वा कुनै शर्त राखि पेश भएका दरभाउपत्र उपर कुनै कारबाही हुने छैन ।

७) राजश्व खाता तथा धरौटी खाताको विवरण देहायको तालिकामा उल्लेख गरिएको छ ।

| राजस्व जम्मा गर्ने प्रयोजनको लागि | दरभाउपत्र जमानत नगद जम्मा गर्ने प्रयोजनको लागि |
|---|---|
| बैंकको नामः- नेपाल बैंक लिमिटेड | बैंकको नामः- नेपाल बैंक लिमिटेड |
| कार्यालयको नामः- पूर्वाधार विकास कार्यालय, स्याङ्जा | कार्यालयको नामः- पूर्वाधार विकास कार्यालय, स्याङ्जा |
| कार्यालय कोडः- ३३७०१४३०१४ | कार्यालय कोडः ३३७०१४३०१४ |
| राजश्व खाता नं.- २७३०२००००१००१००००१ | धरौटी खाता नं.:- ख-२-३-०७२०२००००२००३००००१ |
| राजश्व शिर्षक नं.:- १४२२९ | |


इमेल: idosyangja@gmail.com / idosyangja@gandaki.gov.np सम्पर्क नं.: ०६३-४२४७७१
वेबसाइट: idosyangja.gandaki.gov.np

८) सवारी साधन २०१७ मोडल वा सो भन्दा पछिको र २१५० सी. सी. वा सो भन्दा माथि क्षमता भएको 4WD हुनुपर्नेछ ।
९) सवारी साधन कम्तिमा ५ सिट क्षमता भएको र पछाडि सामान राख्न मिल्ने (पिकअप) सही अवस्थामा भएको Air Condition सहितको हुनुपर्नेछ।
१०) सवारी चालक सवारी धनीले नै उपलब्ध गराउनुपर्नेछ ।
११) इन्धन (डिजेल) बाहेक सवारी चालक तथा अन्य सम्पूर्ण खर्च सवारी धनी स्वयंको हुनेछ ।मर्मत संभार लगाएत सवारी चालकको खर्च सवारी धनीले व्यहोर्नुपर्नेछ ।
१२) सवारी धनीले कार्यालयलाई आवश्यक परेको बखतमा जुनसुकै बखत (सातै दिन/चौबिसौं घण्टा) सेवा उपलब्ध गराउनुपर्नेछ।
१३) भाडामा लिइने सवारी साधन गुडेको आधारमा लगबुक बमोजिम पेट्रोल पम्पलाई इन्धन (डिजेल)को भुक्तानी कार्यालयले गर्नेछ ।
१४) दरभाउपत्रदाताले इन्धन (डिजेल) बाहेकको मासिक भाडा मूल्यको आधारमा मू.अ.कर बाहेकको दररेट पेश गर्नुपर्नेछ र कार्यालयबाट भुक्तानी उक्त दररेटमा मू.अ.कर रकम थप गरी कर बीजकको आधारमा अग्रिम आयकर १.५ प्रतिशत कट्टा गरी फर्म वा कम्पनीको बैंक खाता मार्फत मासिक रुपमा गरिनेछ ।
१५) सवारी भाडामा लिने अवधि बढीमा २०८४ असार मसान्तसम्म हुनेछ ।सेवा सन्तोषजनक नभएमा वा कार्यालयलाई आवश्यक नभएमा कार्यालयले जुनसुकै समयमा सम्झौता रद्ध गर्न सक्नेछ ।
१६) सम्झौता अवधि सम्मको लागि सवारी साधन पूर्ण रुपमा कार्यालयको नियन्त्रणमा रहनेछ ।
१७) यस सूचनामा उल्लेख नभएका अन्य प्रावधानहरु प्रचलित कानुन बमोजिम हुनेछ ।

कार्यालय प्रमुख
पूर्वाधार विकास कार्यालय, स्याङ्जा


इमेल: idosyangja@gmail.com / idosyangja@gandaki.gov.np सम्पर्क नं.: ०६३-४२४७७१
वेबसाइट: idosyangja.gandaki.gov.np

